# पुर्तगालमा प्रारम्भिक र प्राथमिक शिक्षाको पहुँच गर्दै।

जून २०१९

**प्रवर्तक:**

CRESCER

**द्वारा विकसित:**

apisal · ALMIRANTE REIS · in·fu·são

**साझेदारहरू:**

LARGO RESIDÊNCIAS

**सह-द्वारा वित्त पोषित:**

REPÚBLICA PORTUGUESA · ACM

**मध्यस्थता र अनुवाद द्वारा:**

- Sangita Paryiar
- Mehejabin Shejuthi
- Wu Yanli

**IT समर्थन:**

- Imtiaz Ahmed

ग्राफिक डिजाइन(योजना) र छापे काम (प्रिन्ट): acorlaranja

# मेरो बच्चा स्कूल जाँदैछ ...
# मलाई के कुरा थाहा हुनूपर्छ?

## A. शिक्षा प्रणाली पोर्चुगलमा कसरी विभाजित छ?

| | | | | | |
|---|---|---|---|---|---|
| “नर्सरी” | प्रारम्भिक वर्ष<br>“नर्सरी” | ४ महिनाको उमेरदेखि ३ वर्ष सम्म | | | अनिवार्य छैन |
| “पूर्वप्राथमिक शिक्षा” | पूर्वप्राथमिक विद्यालय<br>“शिशु विद्यालय” | ३ देखि ६ वर्ष सम्म | | | |
| “विद्यालय शिक्षा” | प्राथमिक विद्यालय<br>“आधारभूत शिक्षाको पहिलो चरण/सीइबी १” | ४ बर्षे विद्यालयको अवधि | पहिलो वर्ष,<br>दोस्रो वर्ष, तेस्रो वर्ष,<br>चौथो वर्ष | ६ देखि १० बर्ष सम्म | अनिवार्य |
| | तल्लो (निम्न) माध्यमिक विद्यालय “आधारभूत शिक्षाको दोस्रो चरण/सीइबी २” | २ बर्षे विद्यालयको अवधि | पाँचौं वर्ष, छैटौं वर्ष | १० देखि १२ बर्ष सम्म | |
| | माथिल्लो माध्यमिक विद्यालय<br>“आधारभूत शिक्षाको तेस्रो चरण” | ३ बर्षे विद्यालयको अवधि | सातौं वर्ष,<br>आठौं वर्ष, नौं वर्ष | लगभग १२ देखि १५ वर्षको उमेरसम्म | |
| | माध्यमिक विद्यालय<br>“माध्यमिक शिक्षा” | ३ बर्षे विद्यालयको अवधि | दशौं वर्ष,<br>एघारौं वर्ष,<br>बाह्रौं वर्ष | लगभग १५ देखि १८ वर्षको उमेरसम्म | |
| “अतिरिक्त शिक्षा” | विश्वविद्यालय वा पोलिटेक्निक<br>“उच्च शिक्षा” | न्यूनतम अवधि<br>३ बर्ष | १८ वर्षको उमेर पछि | | अनिवार्य छैन |

## B. पोर्चुगलमा कस्तो प्रकारका स्कूलहरू छन्?

| | | |
|---|---|---|
| सार्वजनिक (राज्य) | नि:शुल्क, पोर्चुगल सरकार द्वारा समर्थित कृपया ध्यान दिनुहोस्: प्रावधान मात्र ३ बर्षको उमेर हो, र ४ वर्ष वा माथिका बालिकाहरूलाई प्राथमिकता दिइएको छ। | कक्षाहरू नि:शुल्क छन्। <br><br> तथापि, अतिरिक्त लागतमा, सार्वजनिक विद्यालयहरूले केही अन्य सेवाहरू प्रदान गर्छन्, उदाहरणको लागि, भोजन र अन्य गतिविधिहरू। |
| "आईपीएसएस - निजी संस्थाहरूको सामाजिक संस्था" | पोर्चुगल सरकारको केही आर्थिक (Financial) सहयोगको साथ निजीरूपमा व्यवस्थापन गरियो। | कक्षा र भोजन को लागी मासिक फीस परिवारको आय र खर्च अनुसार गणना गरिएको सूत्रमा आधारित हुन्छ। <br><br> आईपीएसएसले वैकल्पिक अनौपचारिक गतिविधिहरूको छनौट प्रदान गर्दछ जुन शुल्कमा आमाबाबुद्वारा भुक्तान गरिन्छ। <br><br> भर्ना गर्दा, एक "दर्ता" भुक्तानी गरिन्छ, र लागत वार्षिक रूपमा भर्ना नवीकरणमा शुल्क लगाइएको छ। |
| निजी र सहकारी | पोर्चुगल सरकारको आर्थिक सहयोग बिना नै निजी रूपमा व्यवस्थापन गरियो। <br><br> त्यहाँ अन्तराष्ट्रिय पाठ्यक्रमहरू पढाउने निजी अन्तराष्ट्रिय विद्यालयहरू पनि छन्। तिनीहरूको प्रणाली फरक हुन सक्छ। | प्रत्येक विद्यालयको आफ्नै शुल्क स्तर छ। <br><br> प्रत्येक सेवामा अलग लागत छ, र मासिक बिल नियमित कक्षाहरु, भोजन, अतिरिक्त पाठ्यक्रम गतिविधि, विद्यालयमा अतिरिक्त समय र यातायात (यदि स्कूलले यो सेवा प्रदान गर्दछ भने)। <br><br> प्रवेश गर्न "दर्ता" भुक्तानी आवश्यक छ, र प्रत्येक वर्ष भर्ना नवीकरण। |

**विद्यालय** बीमा अनिवार्य छ र वार्षिक भर्ना नविकरणमा शुल्क लगाइएको छ। सामान्यतया, विद्यालय बीमा विद्यालय गतिविधिहरूको बेलामा वा घरबाट विद्यालय जानेबेलामा र विद्यालयबाट घर जानेबेलामा हुन सक्ने कुनै पनि सम्भावित व्यक्तिगत दुर्घटनाहरू समावेश गर्दछ। यसले बच्चाको व्यक्तिगत वस्तुहरूको जोखिम बेहोर्दैन। आमाबाबुले आफ्नो बच्चालाई सार्वजनिक अस्पतालमा लग्नु पर्दछ, उनीहरूले अस्पताललाई यो दुर्घटना विद्यालयमा भएको हो भन्नुपर्छ ("स्कूल दुर्घटना") र विद्यालय बीमा नम्बर प्रदान गर्नपर्छ, **बीमा सक्रिय पार्ने कुरो विद्यालयलाई पुर्वसूचित गरिएको हुनुपर्छ।**

## C. विद्यालयको काम गर्ने समय:

सोमबार देखि शुक्रबार ("व्यावसायिक दिन") सम्म । समय तालिका र खुल्ला हुने समय प्रत्येक विद्यालयद्वारा तय गरिएको हुन्छ । प्रायः पोर्चुगलका स्कूलहरू शनिबार र आइतबार बन्द हुन्छन् ।

## D. भर्ना कसरी गर्ने तथा "दर्ता" प्राप्त गर्न के गर्नु पर्छ?

**भर्ना** (जुन औपचारिक रूपमा "दर्ता" वा भर्ना नम्बरको लागि सोधिएको छ)
भर्ना "सदस्यता" (inscrição) चयन गरिएको स्कूलमा बच्चा भर्ना गर्नको लागि आमाबाबु वा स्थानिय अभिभावकहरूको मनसाय बताउने उद्देश्यलाई कार्य गर्दछ ।

प्रायः, "सदस्यता" (inscrição) वर्षको जुनसुकै समयमा सिधै चुनेको विद्यालयको सचिवालयमा गर्न सकिन्छ । तपाईलाई बालबालिका र आमाबाबुको पहिचान कागजातको आवश्यकता पर्नेछ । "सदस्यता" छनोटको प्रकिया चलिरहेको छैन भने तपाइँले चाहेको विद्यालयमा ठाउँ नपाउने जोखिम रहन्छ, र तपाइँको बच्चाको लागि अर्को विद्यालयको खोजी गर्नपर्छ ।

भर्ना ("सदस्यता") एकै समयमा धेरै स्कूलहरूमा सक्रिय अनुरोध गरिएको हुन सक्छ, तर पछि विद्यालयले नयाँ बच्चाको लागि "दर्ता" प्रदान गर्न एक ठाउँ ("रिक्त") को पुष्टि गर्न आवश्यक छ । केवल एक पटक स्कूलले खाली स्थानको निर्धारणको पुष्टि गरे पछिमात्र "दर्ता" प्रक्रिया अगाडि बढाउन सम्भव हुनेछ जसले भर्नाको ग्यारेन्टी दिन्छ । तपाईंको बच्चालाई पहिले नै कुनै विद्यालयले एक रिक्त स्थान दिइएको थियो भने त्यस्तो अवस्थामा तपाइँले त्यो विद्यालयहरूलाई आफ्नो भर्ना बारे सूचित गर्न आवश्यक छ ।

तपाईंले मात्र एक "दर्ता" पुष्टि गर्नपर्छ र "सदस्यता" अनुरोध गर्नुभएको अन्य विद्यालयहरूलाई तपाईंले आफ्नो बच्चालाई भर्ना गर्न रोज्नु भएको विद्यालय बारे सूचित गर्न आवश्यक छ ।

यस प्रक्रियामा CNAIM शिक्षा मंत्रालय मन्त्रिमण्डल (CABINET) सेवा थप जानकारी र समर्थन प्रदान गर्दछ ।

के तपाई आफ्नो बच्चालाई दिनको हेरचाह गर्न चाहानुहुन्छ? (४ देखि १२ महिना सम्म) यो गर्न को लागी गर्भावस्थाको बेला पूर्व-दर्ता (pré-inscrição) गर्न सल्लाह दिइएको छ जसले गर्दा बच्चा जन्मे पछि उसको औपचारिकता पहिचान कागजात बनाउन सजिलो हुन्छ ।

**"भर्ना"** (चयन गरिएको स्कूलमा ठाउँको पुष्टिकरण)

प्रत्येक विद्यालयले भर्ना पुष्टिकरण ("दर्ता") प्रकाशन को लागी आ-आफ्नै मिति तय गर्दछन्। विद्यालयको सचिवालयले स्कूल वर्षको भर्ना प्रकाशनको लागि निश्चित मितिहरूबारे तपाईंलाई बताउनेछन्। यस प्रक्रियाको लागि समयसीमा बारे सावधान रहनुहोस्, जुन स्कूल अनुसार फरक फरक हुन्छन्।

उमेर ४ र १८ को बीचमा बच्चालाई स्कूलमा भर्ना गर्न अनिवार्य छ।

**परिवारहरूले सक्रिय रूपमा स्कूल मै सचिवालयमा म्याट्रिक प्रक्रिया को स्थिति को बारे अद्यावधिक सोद्धनु पर्छ।**

भर्ना प्रक्रिया पुष्टि गर्न पहिचान दस्तावेज र खोप कार्ड (भ्याक्सिन बुलेटिन) दुबै आवश्यक हुनेछन्। तपाईंसँग खोप कार्ड छैन भने, तपाईले स्थानीय स्वास्थ्य इकाईमा तपाईंको बालबालिकाको खोप प्रक्रियाहरू अद्यावधिक गरेर यो कार्ड प्राप्त गर्न सक्नुहुन्छ। (स्वास्थ्य केन्द्र वा युएसएफ/युसीएसपी)

भर्ना नम्बरको निर्धारण, दर्ता, प्रत्येक स्कूलमा उपलब्धता रिक्त स्थानमा आधारित हुनेछ, जसलाई निम्न कारणहरुको आधारमा प्राथमिकता दिइनेछ:।

- बच्चाहरु जसलाई विशेष शिक्षाको आवश्यकता हुन सक्छ।
- एकै परिवारको बच्चाहरु जसले अघिल्लो स्कूल बर्षमा भाग लिएका थिए ("समूह")।
- बच्चाहरू जसका बहिनीहरू, भाइबहिनीहरू पहिले नै एउटै स्कूलमा भाग लिएका हून्छन्।
- स्कूलको भएको इलाकामा बस्ने बालबालिकाहरू, जसलाई एएसई (AASE) हकदार मानिन्छ (एएसई सर कारी वित्तीय सहायताको एकरूप हो - सचिवालयलाई थप जानकारीको लागि सोध्नुहोस्।)
- स्कूल भएको स्थानमा काम गर्ने आमाबाबुको बच्चाहरुलाई एएसईको हकदार मानिन्छन्।
- जसको आमाबाबुको आधिकारिक आवास र ठेगाना वा कार्यस्थल स्कूल भएको स्थानमा छ।
- बच्चाहरु जसले एउटै क्षेत्रमा आईपीएसएस मा एउटै क्षेत्रमा पूर्व विद्यालयमा पारिवारीक स्कूलको रुपमा भर्ती गर्थे ("समूह") तिनीहरू आईपीएसएस र निजी र सहकारी विद्यालयमा भर्ना गरिन्छ, प्रत्येक विद्यालयले आफ्नै प्राथमिकता मापदण्डलाई परिभाषित गर्दछ।

**कृपया बच्चाको स्थानको परिपक्वता पुष्टि र स्वीकार गरिएको बारे जाँच गर्नुहोस्।**

## E. के हुन्छ यदि मेरो बच्चा विद्यालय वर्षको सुरुवात पछि पोर्चुगल जान्छ भने?

यदि तपाईंको बच्चा ६ वर्ष भन्दा माथि छ भने, उनीहरूको आउने बितिकै विद्यालयमा भर्ना गर्नुपर्छ र पोर्चुगलमा बसोबास गर्न कक्षाहरू सुरु गर्नुपर्छ।

के तपाईको बच्चाले आफ्नो पढाई अर्को देशको विद्यालयमा सुरू गरेको हुनुपर्छ, तपाईंले निम्न कागजातहरू भर्ना अनुरोध प्रस्तुत गर्नुपर्छ, पोर्तुगलमा अनुवाद गरिएको र तपाईंको बच्चाले पहिले अध्ययन गरेको स्कूल भएको देशको दूतावासले प्रमाणित गरेको हुनु पर्दछ।

- तपाईंको बच्चाले पोर्चुगल जानु भन्दा अघि कुन शैक्षिक बर्ष, तह पढेको हो प्रस्ट हुने अघिल्लो विद्यालयको एउटा प्रमाणपत्र ।
- बच्चाको शैक्षिक उपलब्धि उल्लेख गरिकएको एउटा दस्तावेज वा प्रमाण पत्र ।

## F. पोर्चुगलमा स्कूल वर्षको अवधि के हो?

प्रत्येक विद्यालय वर्षको मिति प्रत्येक वर्ष शिक्षा मंत्रालय द्वारा तय गरिएको हुन्छ। सबै स्कूल वर्ष तीन विद्यालयका सर्तहरूमा विभाजित छन्:




(ईसा-जन्मोत्सव छुट्टी हुनु पहिले) (ईसा पुनरुज्जीवन दिवस छुट्टी हुनु पहिले) (गर्मीको छुट्टी हुनु पहिले)

> शिक्षा मन्त्रालयले स्कूल क्यालेन्डरलाई २ सेमेस्टरमा विभाजन गर्न सक्दछ।
> लामो छुट्टी अवधि मध्य जुन र सेप्टेम्बर बीचमा हुन्छ (गर्मी छुट्टी)।

प्रत्येक अवधि बीचको बिदा विद्यालय छुट्टीको समयसँग मेल खान्छ, जुन परिवारले उनीहरूको बालबालिकाको सिक्ने र विकास प्रक्रियाको बारेमा जानकारी पाउनेछन्। लामो छुट्टी अवधि मध्य जुन र सेप्टेम्बरको बीचमा (गर्मीको छुट्टी) हुन्छ। यस अवधिको समयमा त्यहाँ कक्षाहरू हुने छैनन्, तथापि, प्रायजसो विद्यालयहरूले गर्मीको छुट्टीको बेलामा केटाकेटीलाई खेल खेल्ने र भोजन (लन्च तथा ब्रेक) को लागि स्कूलमा रहन केही खुल्ला समय प्रदान गर्छन्।

## G. आमाबाबुले आफ्नो बच्चाको विद्यालयको दिनमा भाग कसरी लिनुपर्छ?

- बच्चाको संयोजन (adaptation) अवधि नर्सरी वा पूर्व-विद्यालयमा, जब उनी विद्यालयमा नयाँ हुन्छन्, तपाईं आफ्नो बच्चाको साथ कक्षामा केही क्षणका लागि मात्र रहन सक्नु हुनेछ जबसम्म शिक्षक अथवा प्रारम्भिक वर्षको व्यवसायी (practitioner) ले बच्चा आफै ठीकसँग अभ्यस्त भएको बताउदैन ।

- गतिविधिको बेला, तपाईं ज्ञान, पारिवारिक संस्कृति र बानीहरू साझेदारी गर्न प्रोत्साहित गर्न सक्नुहुन्छ, जसले बच्चाहरूको सिक्ने अनुभव र ज्ञानलाई समृद्ध बनाउँदछ ।

- आमाबाबुको बैठकमा सामूहिक वा व्यक्तिगत भाग लिनु भएको छ, जहाँ तपाइँ आफ्नो बच्चाको सिक्ने प्रक्रिया र उपलब्धिहरूको बारेमा जान्नु हुन्छ वा कुनै गुनासो वा संदेह भएमा हटाउनुहोस् । शिक्षकलाई सोध्नुहोस् बैठकहरू कहिले र कहाँ हुन्छन्, कसरी स्कूल र परिवारबीचको कुराकानीको सम्भावना हुन्छ (उदाहरणका लागि ईमेल, फोन, व्यक्तिगतरूपमा आमने-सामने भएर इत्यादि) र तपाईले आफ्नो बच्चाको बारेमा कुरा गर्न चाहानु हुन्छ भने व्यक्ति भेटघाट समयको माग गर्नपर्छ । यदि सम्वाद सक्षम गर्न आवश्यक लाग्यो भने आफुसँग एक अनुवादक ल्याउनु भएमा तपाईलाइ हार्दिकताका साथ स्वागत गरिनेछ ।


- प्रश्नहरू तथा प्रस्ताव सोधेर तपाइँ शिक्षकहरू वा स्कूललाई सुझावहरू दिनुहुन्छ ।

### पारिवारिक सहभागिता अधिकारका साथै कर्तव्य पनि हो

१८ वर्षको उमेरसम्म, पोर्चुगलका सबै सन्तानहरूको आधिकारिक हेरचाह गर्ने मानिस हुनुपर्दछ, जुन आमाबाबु वा एक अभिभावक बच्चाको लागि आधिकारिक कानुनी जिम्मेवारीको साथ हुनसक्छ । बच्चाको प्रभावकारी शिक्षाको लागि जिम्मेवार आमाबाबु वा अभिभावक हुन् ।

### एक परिवार कसरी विद्यालयको जीवनमा भाग लिन सक्छ?

विधालयमा सहयोग गर्न तपाईंको उपलब्धता व्यक्त गर्नुहोस् ।



कक्षा को लागी एक किताब पढ्ने ।



तपाईंको अनुभव र प्रतिभा साझा गर्न स्वयम्सेवक गर्ने ।



आफ्ना सुझावहरू साझेदारी गर्न शिक्षकहरूसँग सम्पर्क गर्नुहोस् ।

## H. कुनै विशिष्ट सामग्री खरिद गर्नूपर्छ?

- हो, सबै विद्यालयहरूले आमाबाबुले स्कूल र कक्षा कोठाको लागि खरीद गर्नुपर्ने सामग्रीको सूची जारी गर्छन् । निम्न कुराहरु समावेश हुन सक्छन्, उदाहरणका लागि: पाठ्यपुस्तकहरू, कलमहरू, अभ्यास पुस्तिका, पेन्सिलहरु, गम, खेलकुद कपडाहरू, संगीत सामग्रीहरू, युनिफर्म (केवल आईपीएसएसको र निजी र सहकारी विद्यालयहरूमा मात्र) ताकि प्रत्येक बच्चाहरुले उनीहरूको विद्यालयको गतिविधि तथा काम सम्पन्न गर्न आवश्यक हुनेछ । तिनीहरूले केही गतिविधिहरूको लागि घरमा पनि विशिष्ट कपडाहरू राख्न सल्लाह दिन सक्छन् (उदाहरणका लागि, शारीरिक अभ्यास दिनका लागि प्रशिक्षकहरू) ।
- पहिलो वर्षको लागि प्राथमिक विद्यालयमा र निम्न वर्ष विद्यालयले छनौट गरे अनुसारका पाठ्यपुस्तक । तिनीहरुले तपाईलाई जब लिखित सूचना मार्फत जानकारी दिन्छन् त्यस पछि मात्र तपाईंले केवल ती सुची अनुसारका पाठ्यपुस्तक तपाईंको बच्चालाई भर्ना गरेको बेला विद्यालयमा प्रदर्शन गरेपछि मात्र खरीद गर्नपर्छ ।

> यदि तपाइँ एक सार्वजनिक विद्यालय छान्नु हुन्छ भने, कृपया एसईएस को बारे मा जानकारी को लागि सचिवालय लाई सोध्नुहोस् विद्यालय सामाजिक कार्य *ASE - Ação Social Escolar* (विद्यालय कल्याणकारी सहायता) यो एक आवश्यकता भएका परिवारहरुको बच्चाहरु र युवाहरुको लागि प्रदान गर्ने आर्थिक सहायता हो, र पारिवारिक भत्तासंग (सामाजिक सुरक्षा) सम्बन्धित छ, जसले विद्यार्थीहरूको लागि पाठ्यपुस्तक, कक्षाको सामग्री, भोजन र यातायात खर्च गर्न सहयोग गर्छ ।

## I. के विद्यालयले खानाहरू प्रदान गर्नेछ?

अधिकांश विद्यालयले मध्यान्ह भोजन समयमा (लंच) तातो भोजन प्रदान गर्छन् । त्यो विद्यालयको प्रकारको आधारमा नि:शुल्क वा स:शुल्कमा प्रदान गरिएको हुन सक्छ । यदि तपाईंको बच्चा सार्वजनिक विद्यालयमा भर्ना गरिएको छ भने, यदि तपाईंसँग एएसई छ भने कम मूल्यको भोजन पाउने संभावना हुन्छ । कृपया खण्ड (सेक्शन) एच मा जानकारी बक्स जाँच गर्नुहोस्) बहुसंख्यक आवश्यकताहरुको लागी संतुलित र पर्याप्त हुनुको बावजूद, यदि स्पष्टरूप देखिएका आमाबाबुको इच्छा अनुसार विशेष स्वास्थ्य वा सांस्कृतिक आवश्यकता अनुसार भोजनको ब्यावस्था गर्न सकिन्छ । साधारणतया, बच्चाहरुको भोजनको लागि ३० देखि ४५ मिनेटको समय तोकिएको हुन्छ, केहि लचीलोपनसंग उनहरुको व्यक्तिगत गति हेरेह जवाब दिनुहोस् ।

> यदि तपाईंको बालबालिकासँग स्वास्थ्य, सांस्कृतिक वा धार्मिक कारणहरूको लागि विशेष खाँचो छ भने, कृपया स्कूल व्यवस्थापन र बच्चाको शिक्षकलाई सूचित गर्न निश्चित गर्नुहोस् ।

## J. कुन उमेर समूहहरु?


४ महिना देखि ३ बर्ष उमेरका बच्चाहरु।

## K. तिनीहरूको स्कूल दैनिक शिक्षाको लागि के समावेश गर्दछ? परिणामहरू के छन्?

- उदाहरणका लागि, अरूलाई भरोसा गर्न सिक्न समूहमा आधारित गतिविधिहरू सञ्चालन गर्ने, अरूसँग सम्बन्ध विकास गर्ने।
- सामाजिककरण र आदर सिक्न, अन्य बच्चाहरु र युवाहरुसंग सिक्ने।
- उनीहरूको आफ्नै ठाउँलाई सम्बोधन गर्दै र स्कूलमा विभिन्न स्थानहरूमा सहज महसुस गर्दै बच्चाहरूलाई अझ सहजीकरण हुन सिक्न मद्दत गर्दछ।
- साना विवादहरू समाधान गर्दै, जस्तै कि अन्य बच्चाहरुसंग खेलौनाहरु साझेदारी गर्न सिक्ने, तिनीहरूको लागि उदारताको मूल्यको विकास गर्न सिकाउने।
- नियमहरू सिक्न र दैनिक तालिकाहरूमा आत्म निर्णय गर्ने क्षमताको विकास गर्दै सुत्न, खाने र आधारभूत व्यक्तिगत स्वच्छता जस्ता आधारभूत आवश्यकताहरू सुधार गराउने।

## L. यो उमेरमा विद्यालयमा बालबालिकाको दैनिक दिनचर्या के हो?

बच्चाहरू नर्सरीमा बिहानको ९ बजे देखि बेलुकी ४ बजेको बीचमा उपस्थित हुनुपर्दछ। यसबाहेक, नर्सरीहरु सामान्यतया बिहानको ८ बजे देखि बेलुकी ७ बजेको बीचमा खुल्ला हुन्छ र आवश्यक भएमा बच्चाहरू त्यो समयमा कुनै पनि समयमा त्यहाँ जान सक्छन्।



**१. दिनको सुरुवातमा**
आमाबाबुले बच्चालाई शिक्षक र शैक्षिक सहयोग कार्यकर्तासंग कक्षाकोठामा छोड्छन् ।

**२. व्यापक समूहमा बैठक**
(शिक्षक र बालबालिका)
गायन, कथाहरू सुन्ने, तस्बिरहरू खोज्ने ...

**३. बालबालिकाहरु**
आफ्नै सहनशील गर्ने क्रियाकलापहरूको खोजबाट उनीहरूको वरिपरीको संसारको बारेमा थाहा पाउछन् ।

**४. दिउंसोको खाना**
तिनीहरूको तातो खाना खाने समय

**५. निदाउने समय वा बिश्राम गर्ने समय**

**६. खाजा समय**
जस्तै दूध, रोटी, शिशु खाना/अन्नमय, दही

**७. खेल्ने समय**
युवा रेखदेखगर्ने व्यक्तिसंग स्वतन्त्र रूपमा खेल्ने

**८. दिनको अन्तमा**
अभिभावक, स्थानिय अभिभावक वा आमाबाबुद्वारा अख्तियार प्राप्त व्यक्तिले बच्चालाई स्कूलमा गई लिएर आउनुपर्छ ।

## M. प्रारम्भिक बर्ष/नर्सरीमा उपस्थित हुनु किन महत्वपूर्ण छ?

**किनकि ...**

- यसले बच्चाको आफ्नै आत्मबिश्वासको जागरूकता बढाउँछ
- यसले उनको/उसको सामाजिक कौशल विकासलाई प्रोत्साहन गर्दछ
- यसले बच्चाको विकास र शिक्षा प्रक्रियामा परिवारलाई सहायता दिन्छ
- यसले कुनै विशेष आवश्यकता वा अनुकूलन समस्याहरू पत्ता लगाउन, पर्याप्त सन्दर्भको प्रत्याभूत मद्दत गर्दछ ।

## N. कुन उमेर समूहहरु?

३ देखि ६ बर्ष उमेरसम्म ।

## O. विद्यालयमा उनीहरूको दैनिक शिक्षाले के के समावेश गर्दछ? परिणामहरू के हुन?

शिक्षा मंत्रालय द्वारा "पूर्वप्राथमिक शिक्षाका लागि पाठ्यक्रम अभिमुखीकरण" को आधारमा क्रियाकलापहरू विकसित गरिन्छन् । यस्तो दस्तावेजले निम्न क्षेत्रहरूको लागि सामाग्रीहरूको सुझावहरू प्रस्तुत गर्दछ: सामाजिक र व्यक्तिगत विकास, वरपर संसारको बारेमा जान्न, अभिव्यक्ति र सुचना आदान प्रदान । अनौपचारिक गतिविधिका माध्यमबाट खेल्न, प्रत्यक्ष अनुभव गर्न, खेलहरु र ज्ञान तथा चेतनासम्बन्धी कुराहरूको राम्रोसँग खोजीनिती गर्न सिक्छन् । बच्चाको जिज्ञासा उत्साहित छ । बालबालिकाको दैनिक अनुभवहरू, ज्ञान र चासो मूल्यवान छन, सहज योग्यता र सिक्ने इच्छालाई प्रोत्साहित हुन्छ ।

पोर्तुगलमा, बालबालिका केवल प्राथमिक १ वर्षबाट लेख्न र पढ्न सिक्छन् । गतिविधिहरू सिक्नको लागि एक तरिकाको रूपमा खेल संरचनाको सुविधा दिइएको छ ।

## P. यो उमेरमा विद्यालयमा बालबालिकाको दैनिक दिनचर्या के हो?

बालबालिकाले बिहानको ९ बजे देखि बेलुकी ४ बजे बीचको कक्षाको समयमा शिशु विद्यालयमा उपस्थित हुनुपर्दछ। यद्यपि, यदि तपाई नियमित कक्षाको समय भन्दा लामो समयसम्म काममा रहनु पर्छ भने शिशु विद्यालयमा सामान्यतया बिहानको ८ बजे देखि बेलुकी ७ बजेका बीचमा रहन सक्छन् तसर्थ तपाईंको बच्चा परिवारको अनुरोधमा यो अवधिभरि कुनै पनि समयका लागि रहन सक्दछ।




कक्षाको क्रियाकलाको अवधि प्रतिदिन पाँच घन्टाको हुन्छ, र एक प्रारम्भिक बर्ष शिक्षकले शिक्षा सहयोग कार्यकर्ताको सहयोगमा सिकाइरहेको हुन्छ। बाँकी दिन “Componente de Apoio à Família” (CAF) वा परिवरले समर्थन गरेको मध्यस्त कर्ताको) टोलीले नेतृत्व गरेको हुन्छ। यी हुन् ......

१. उनीहरूले शिक्षकहरूलाई प्रशिक्षण दिन्छन्।

२. तिनीहरू शैक्षिक सहायक हुन्।

अलग अलग नामांकनको अधीनमा यी गतिविधिहरू अन्य शिक्षा प्रविधिको द्वारा वितरित गरिएका छन्।

## Q. बालबालिकालाई कसरी मूल्याङ्कन गरिन्छ?

प्रत्येक ३ विद्यालय संचालन अवधिहरूको अन्तमा, एक मूल्याङ्कन गरिन्छ र बालबालिकाको परिवारसँग लिखित मूल्याङ्कन रेकर्ड मार्फत साझेदारी गरिन्छ र आमाबाबुको बैठक (वा स्थानिय अभिभावकसँग भेट) मा छलफल समेत गरिएको हुन्छ।

## R. बच्चाले शिशु विद्यालय पूरा गरेको छ। अब के?

अनिवार्य विद्यालयको शुरुआत गर्ने यो नयाँ चरणको लागि समय हो। यो शिशु विद्यालयमा नै प्राथमिक विद्यालय स्थापना भएको छैन भने, ("1º CEB"), तपाईंले आफ्नो बसोबास गरेको स्थानको वा काम गर्ने क्षेत्रमा प्राथमिक विद्यालयको खोजी गर्नुपर्छ। जब तपाईंको बच्चा ६ वर्षको उमेर हुन्छ, प्राथमिक विद्यालयको वर्ष १ को लागि भर्ना संख्या ("दर्ता") को अनुरोध गर्न अनिवार्य हुन्छ जब तपाईंको बच्चा ६ वर्ष पुरा हुन्छ।

यदि शिक्षकले तपाईंको बच्चाको प्रिस्कुलमा एक वर्ष थपिदिने सल्लाह दिन्छ कि भने त्यो वा उसले व्यक्तिगत रूपमा तपाईंसँग तपाईंका बालबालिकाको विकासलाई कसरी बिश्लेषण गरेर समर्थन गर्न आवश्यक भन्ने कुरा गर्नेछ।



# प्राथमिक विद्यालय: आधारभूत शिक्षाको पहिलो चरण (पहिलो सीईबी)

## S. कुन उमेर समूहहरु?

६ देखि १० बर्ष उमेरसम्म ।

## T. विद्यालयमा उनीहरूको दैनिक शिक्षाले के के समावेश गर्दछ? परिणामहरू के हुन?

- पढ्ने, लेखन, गणना, संचार, र वैज्ञानिक, कलात्मक र सांस्कृतिक अभिव्यक्ति
- सामाजिक कौशल र नागरिकता मान्यताहरु, दुवैको समझ र विकास पोर्चुगल समाजभित्र समायोजनको लागि महत्त्वपूर्ण छ ।
- आधारभूत शुरुवात अंग्रेजी भाषा सिक्ने ।

## U. के सम्बन्धि बिषयहरु सिकाइन्छ?

प्राथमिक विद्यालय ४ विद्यालय वर्षमा बर्गीकरण गरिएको छ । अनिवार्य विषय क्षेत्रहरू यस प्रकार छन्:

- पोर्तुगाली भाषा
- गणित
- “पर्यावरण अध्ययन” जसमा प्राकृतिक र सामाजिक विज्ञानहरू
- अंग्रेजी (३ वर्ष पछि)
- कलात्मक अभिव्यक्तिहरू (त्यो हो, नाटक, संगीत र प्लास्टिक कला)
- शारीरिक र मोटोरी शिक्षा
- अध्ययन कला/विधिहरू - “अध्ययन गर्न सहयोग” (निष्क्रिय र अध्ययन विधिहरू)

- अनुपूर्वक विषयहरु: नागरिकता वा संचार र सूचना प्रविधि (टीआईसी)
- नैतिक र धार्मिक शिक्षा ("ईएमआर") - ऐच्छिक/अनिवार्य छैन

यदि तपाइँ प्रत्येक विषय क्षेत्रको लागि काम सामग्री बारे थप जान्न चाहनुहुन्छ वा तपाईंको बच्चा विशेष गरी सिक्न चाहेको के हो? कृपया शिक्षकसँग निसन्देह (बिना हिचकीचाहाट) कुराकानी गर्नुहोस्।

सबै स्कूलले विषयवस्तुहरू सिकाउने क्षेत्रहरू पुर्तगाली शिक्षा मन्त्रालयको राष्ट्रीय कार्यक्रम द्वारा रेखांकित गर्दछ।

## V. यो उमेरमा विद्यालयमा बालबालिकाको दैनिक दिनचर्या के हो?


- सोमबार देखि शुक्रवारसम्म प्रत्येक दिन ५ देखि ७ घण्टाको कक्षा संचालन अवधि हुन्छ। यो अनिवार्य विषय क्षेत्रको अध्यापन गराउने उद्देश्यको लागि हो।
- कक्षाको समय पश्चात, सोमबार देखि शुक्रवार सम्म, "परिवरले समर्थन गरेको मध्यस्त कर्ता" पनि प्रदान गरि एको छ। यस समयमा विभिन्न क्रियाकलापहरू देखा पर्दछ, जस्तै उदाहरणका लागि खेल, कला-संगीत, नृत्य, चित्रकला, स्वतन्त्र खेल्ने समय, वा अध्ययन गर्ने र होमवर्क गर्ने समय।

परिवरले समर्थन गरेको मध्यस्त कर्ता (पारिवारिक समर्थन घटक) लाई पनि सी ए टी एल ("खाली समय गतिविधि केन्द्र" - अतिरिक्त समय गतिविधिहरू) वा एईसी ("पाठ्यक्रम संवर्दन गतिविधिहरु" - पाठ्यक्रम सम्बन्धित समृद्ध क्रियाकलाप) खेल र शैक्षिक गतिविधिहरूको उद्दे श्यको रूपमा उल्लेख गरिएको छ।

## W. छोराछोरीलाई कसरी मूल्याङ्कन गरिन्छ?

- मूल्याङ्कन अनिवार्य छ, गुणात्मक प्रकृति, र यो विद्यालय वर्षभरि विभिन्न समयमा हुन्छ ।
- प्रत्येक विद्यालय अवधिको लागि (प्रत्येक विद्यालय अवधिको प्रत्येक विद्यार्थीको एक अभिलेख) एक मूल्याङ्कन अभिलेख राख्नु शिक्षकको कर्तव्य हो र आमाबाबु वा स्थानिय अभिभावकसँग लिखितरूपमा, विद्यालय अवधिको अन्त्यमा वा अन्य अनुकुल समयमा साझेदारी गर्नुहोस् ।
- वर्ष २ मा, बच्चाहरूले पोर्तुगाली भाषा, गणित, एस्टुडो डो मेयो, कलात्मक अभिव्यक्ति र शारीरिक शिक्षा (प्रोभास डे अफेरिकाओ) मा टेस्ट लिइरहेका छन् । यी परीक्षणहरूले सामान्य जानकारी, राष्ट्रिय स्तरमा, बच्चाहरूको सिकाईमा मद्दत पुऱ्याउँछन् र साथै स्कूलको शैक्षिक कार्यमा सुधार गर्न मदत मिल्छ ।

"**प्रमाण मूल्यांकन**" अनिवार्य राष्ट्रिय परीक्षणहरू हुन् जुन सबै २ (विद्यालय) वर्षको विद्यार्थीहरूले पूरा गर्नुपर्छ । तिनीहरू सामान्यतया तेस्रो विद्यालयको अवधिमा गरिन्छ, र सम्पूर्ण देश भरमा उही मितिमा संकलन गरिन्छ । उनीहरूले उनीहरूको मूल्याङ्कनलाई प्रभावित नगरी विद्यार्थीहरूको उपलब्धि स्तर निर्धारण गर्ने उद्देश्य राखेका हुन्छन् ।




## X. मूल्यांकनको लागि मापदण्ड के हो?

प्रत्येक बच्चाको शिक्षा र विकास गतिको सम्बन्धमा (र तथ्य यो कि प्रत्येकमा फरक गति र विभिन्न तरिकामा जान्छ), एक बच्चाको प्रगतिको मूल्याङ्कन सम्बन्धित र विभिन्न शिक्षा मापदण्डबाट प्रभावित हुन्छ। मूल्याङ्कनका लागि ध्यान दिइएका मापदण्ड प्रत्येक शिक्षकसंग साझेदारी गर्न सकिन्छ र सामाजिक, भावनात्मक विकास र विषय क्षेत्र शिक्षालाई ध्यान दिनेछ। मापदण्डको उदाहरणले विभिन्न तत्वहरू समावेश गर्न सक्दछ; निरन्तर अभ्यास र समयबद्धता, प्रयास, प्रत्येक क्रियाकलापमा सहभागिता र कार्यमा संलग्नता, सम्बन्ध र अन्तरक्रिया, सङ्गठन र आत्मविश्वास, साथसाथै पाठ्यक्रम सामग्री विकास आदि। यी तत्व प्रत्येक एक आफ्नो स्कूल दिन भर, संरचित स्कूल गतिविधिहरु मार्फत सिकाइएको छ।

यदि तपाईंको बच्चालाई विद्यालयको नियत तिथि (target) र लक्ष्य (goal) प्राप्त गर्न बढी समय चाहिन्छ भने, तपाईंको बालबालिकाले वर्तमान चुनौतिहरुलाई पराजित गर्न र बालबालिकालको सिकाईको (learning) आवश्यकतालाई बुझाउनको लागि शिक्षण कर्मचारीले तपाईंको साथमा काम गर्नेछ।

## Y. बच्चाले प्राथमिक विद्यालय पूरा गरेको छ। अब के?

तिनीहरू सीइबी २ को लागि आफ्नो भर्ना पुष्टि ("दर्ता") अनिवार्य नविकरण गरेर तल्लो (निम्न) माध्यमिक विद्यालय ("आधारभूत शिक्षाको दोस्रो चरण/सीइबी २") मा जान्छन्। तिनीहरूको प्राथमिक विद्यालयमा नै तल्लो (निम्न) माध्यमिक विद्यालय स्थापना भएको छैन भने तपाईंले आफ्नो निवासको वा काम गर्ने क्षेत्रमा तल्लो (निम्न) माध्यमिक विद्यालयको खोजी गर्नुपर्छ।



परिवारबाट आएका कुनै पनि प्रश्न र सुझावहरू सबैलाई स्वागत छ!

कुनै पनि समयमा तपाइँले तपाइँको बच्चाको बारेमा चिन्ता र प्रतिक्रियाहरू साझा गर्न आवश्यकता महसुस गर्नुहुन्छ, कृपया शिक्षकहरूसँग तपाइँको आवश्यकता वा शंका व्यक्त गर्न समय दिनुहोस्।